चिङ्गाड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं.२०८०।८१

# रोजगार संयोजक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०४।२४)

यस चिङ्गाड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार संयोजक १ (एक) पदमा खुला प्रतिस्पर्धाबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०२/२०८०/८१ | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैठौं वा सो सरह | १ (एक) |

१. आवश्यक न्युनतम योग्यता :-

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उर्तीण भएको ।

ख) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

ग) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

ङ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।

२. दरखास्त दिने स्थान : चिगाड गाउँकार्यपालिकाको कार्यालय, अवलचिंग, सुर्खेत ।

३. दरखास्त दिने अन्तिम मिति : २०८०।०५।०८ गते कार्यालय समय भित्र ( सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

४. आवेदन दस्तुर : रु. १,२००। (एक हजार दुई सय मात्र)

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरु :

: नेपाली नागरिकता

: न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रहरु

: चारित्रिक प्रमाणपत्र

: काम सँग सम्बन्धित अनुभव भए सो को कागजात

: २ प्रति पासपोर्ट साईजको फोटो

७. सेवा सुविधा तथा अन्य : रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा १८ र १९ बमोजिम हुनेछ ।

८. आवदेनको ढाँचा, विज्ञापन गरिएको पद को कार्यविवरण र रोजगार संयोजकको पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np तथा यस गाउँपालिकाको वेवसाइट chingadmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

नोट : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै लिखित परीक्षाको मिति, समय, र स्थान तोकी सूचना प्रकाशन गरिनेछ ।

चक्र बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत